# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, कार्तिक २४ गते, २०८२ साल (अतिरिक्ताङ्क ३३

## भाग ५

### नेपाल सरकार
### गृह मन्त्रालयको
### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले खण्ड ७५, अतिरिक्ताङ्क २८, मिति २०८२।०६।०५ को नेपाल राजपत्रको भाग ५ मा प्रकाशित संवत् २०८२ साल भदौ २३ र २४ गतेको प्रदर्शनको क्रममा भएका भौतिक तथा मानवीय क्षतिको छानबिन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गठन सम्बन्धी सूचनाको प्रकरण ४ को खण्ड (ख) मा उल्लिखित मौजुदा जनशक्तिमा निजामतीतर्फ उपसचिव-१, शाखा अधिकृत-१, नायब सुब्बा-१, कम्प्युटर अपरेटर-१ गरी ४ जना र नेपाल प्रहरीकोतर्फबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रहरी नायब उपरीक्षक-१, प्राविधिक प्रहरी नायब उपरीक्षक-१, प्रहरी निरीक्षक-४, प्रहरी बरिष्ठ नायब निरीक्षक-१, प्रहरी नायब निरीक्षक-१, प्राविधिक प्रहरी नायब निरीक्षक-१, प्रहरी हवल्दार-१ र प्रहरी सहायक हवल्दार-१ गरी ११ जना समेत जम्मा १५ जना थप कर्मचारी आयोगमा उपलब्ध गराउने र त्यसरी खटिने थप (निजामती र प्रहरी) कर्मचारीसमेतलाई बहाल रहेको पदको शुरू स्केलको पच्चिस प्रतिशत भत्ता उपलब्ध गराउने मिति २०८२।०७।२४ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**रामेश्वर दंगाल**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।